कार्यबिधि

# रास्कोट नगरपालिका

## रास्कोट नगरपालिकाको नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१२/२३


**रास्कोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
आर.सि.पी, कालीकोट
कर्णाली प्रदेश, नेपाल

## रास्कोट नगरपालिकाको नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

**कार्यपालिकाबाट पारित मिति : २०८२/१२/२३**

**प्रस्तावना**

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने मूल नारालाई आत्मसात गर्दै रास्कोट नगरपालिकामा सञ्चालन हुँदै आएका खेलकुद कार्यक्रमहरूलाई व्यवस्थित, संस्थागत, पारदर्शी, समावेशी तथा प्रभावकारी बनाउँदै खेलकुद क्षेत्रको समग्र विकास गर्ने उद्देश्यले यो कार्यविधि तयार गरिएको छ।

नगर क्षेत्रमा खेलकुद केवल मनोरञ्जनको माध्यम मात्र नभई शारीरिक, मानसिक, बौद्धिक तथा सामाजिक विकासको आधारशिला हो। खेलकुदमार्फत युवा पुस्तामा अनुशासन, आत्मविश्वास, नेतृत्व क्षमता, सहकार्य, प्रतिस्पर्धात्मक भावना, राष्ट्रिय एकता तथा सकारात्मक सोचको विकास गर्न सकिन्छ। साथै खेलकुदले स्वस्थ नागरिक निर्माण, सामाजिक सद्भाव कायम, लागुऔषध दुव्र्यसन न्यूनीकरण तथा युवाहरूलाई सिर्जनात्मक र उत्पादनशील कार्यमा संलग्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

यस नगरपालिकामा हालसम्म सञ्चालन हुँदै आएका वडा स्तरीय, नगर स्तरीय तथा विद्यालय एवं समुदाय केन्द्रित खेलकुद गतिविधिहरूलाई थप व्यवस्थित, दिगो र परिणाममुखी बनाउँदै प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम खेलाडी उत्पादन गर्ने दीर्घकालीन लक्ष्य राखिएको छ। खेल पूर्वाधार विकास, खेलाडी पहिचान तथा संरक्षण, प्रशिक्षक विकास, महिला तथा अपाङ्गता भएका व्यक्तिको खेल सहभागिता अभिवृद्धि, विद्यालय खेलकुद प्रवर्द्धन तथा स्थानीय खेल संस्कृतिको संरक्षण समेत यस कार्यविधिको प्रमुख उद्देश्य रहेको छ।

खेलकुद क्षेत्रलाई आर्थिक, सामाजिक, शैक्षिक तथा पर्यटन विकाससँग आबद्ध गर्दै खेलाडीहरूको सम्मान, प्रोत्साहन, क्षमता विकास तथा व्यवसायिक सुरक्षालाई सुनिश्चित गर्न आवश्यक देखिएकोले, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ तथा दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी रास्कोट नगरपालिकाले "रास्कोट नगरपालिकाको नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८२" स्वीकृत गरी लागू गरेको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

यस परिच्छेदले यस कार्यविधिको आधारभूत प्रावधान, संक्षिप्त नाम, प्रारम्भ, कार्यक्षेत्र तथा परिभाषालाई स्पष्ट गर्दछ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि रास्कोट नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) यो कार्यविधि रास्कोट नगरपालिका क्षेत्रभर लागू हुनेछ।

(४) यस कार्यविधि बमोजिम गठन हुने नगर खेलकुद विकास समिति तथा सोसँग सम्बन्धित सबै उपसमिति, वडा समिति तथा अन्य संरचनाहरू यसै कार्यविधिको अधीनमा रहनेछन्।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "नगरपालिका" भन्नाले रास्कोट नगरपालिका सम्झनुपर्छ।

(ख) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने नगर खेलकुद विकास समिति सम्झनुपर्छ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई जनाउँछ, जसमा नगर प्रमुख पदेन अध्यक्ष रहनेछन्।

(घ) "नगर प्रमुख" भन्नाले रास्कोट नगरपालिकाको निर्वाचित प्रमुख पदाधिकारीलाई जनाउँछ।

(ङ) "सदस्य" भन्नाले समितिका सम्पूर्ण सदस्यहरूलाई जनाउँछ।



महेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज शाही
नगर प्रमुख

(च) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ।

(छ) "खेलकुद" भन्नाले शारीरिक तथा मानसिक क्षमता, प्रतिस्पर्धा, अनुशासन र मनोरञ्जनसँग सम्बन्धित सबै प्रकारका इनडोर तथा आउटडोर खेलहरू सम्झनुपर्छ।

(ज) "खेलाडी" भन्नाले खेलकुद गतिविधिमा सक्रिय रूपमा सहभागी हुने तथा प्रतियोगितामा भाग लिने व्यक्ति सम्झनुपर्छ।

(झ) "पूर्वाधार" भन्नाले खेलकुद सञ्चालनका लागि आवश्यक पर्ने खेल मैदान, रंगशाला, कभर्ड हल, प्रशिक्षण केन्द्र, उपकरण तथा अन्य भौतिक संरचनाहरू सम्झनुपर्छ।

(ञ) "वडा समिति" भन्नाले सम्बन्धित वडामा खेलकुद गतिविधि सञ्चालन, समन्वय तथा व्यवस्थापन गर्ने वडा स्तरीय खेलकुद समिति सम्झनुपर्छ।

## परिच्छेद–२

### ३. सल्लाहकार समिति गठन

नगर खेलकुद विकास समितिलाई आवश्यक नीति, योजना, सुझाव तथा मार्गदर्शन प्रदान गर्न एक सल्लाहकार समिति रहनेछ। उक्त सल्लाहकार समितिको गठन, संरचना, भूमिका तथा कार्य सञ्चालन देहाय बमोजिम हुनेछ-

### ३.१ सल्लाहकार समितिको गठन

नगर खेलकुद विकास सल्लाहकार समिति देहाय बमोजिम रहनेछ-

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगर उप–प्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) सामाजिक विकास समिति संयोजक – सदस्य

(ङ) शिक्षा शाखा प्रमुख – सदस्य–सचिव

### ३.२ सल्लाहकार समितिको उद्देश्य

(१) नगर खेलकुद विकास समितिलाई दीर्घकालीन नीति तथा रणनीतिक मार्गदर्शन प्रदान गर्नु।

(२) नगरभित्र खेलकुद क्षेत्रको समग्र विकासका लागि आवश्यक सुझाव दिनु।

(३) खेलकुद कार्यक्रमलाई प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउनु।

(४) खेलाडी उत्पादन, पूर्वाधार विकास तथा स्रोत व्यवस्थापनमा नीतिगत सहजीकरण गर्नु।

### ३.३ सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार

**सल्लाहकार समितिको प्रमुख काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-**

(१) नगर खेलकुद विकासका नीति, योजना तथा कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव दिने।

(२) वार्षिक खेलकुद कार्यक्रम तथा बजेट निर्माणमा मार्गदर्शन प्रदान गर्ने।

(३) खेलकुद पूर्वाधार विकासका लागि प्राथमिकता निर्धारण गर्न सहयोग गर्ने।

(४) नगर खेलकुद विकास समितिबाट प्रस्तुत कार्यक्रम तथा प्रस्तावहरूको समीक्षा गरी सुझाव दिने।

(५) प्रदेश तथा संघीय सरकारसँग समन्वय गर्न आवश्यक नीति सुझाव प्रदान गर्ने।

(६) खेलकुद क्षेत्रको संस्थागत सुधारका लागि आवश्यक निर्देशनात्मक सुझाव दिने।



महेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज शाही
नगर प्रमुख

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सि.पी, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

**३.४ बैठक व्यवस्था**

(१) सल्लाहकार समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउनेछ।

(२) बैठक कम्तीमा वर्षमा २ पटक अनिवार्य रूपमा बस्नेछ।

(३) अध्यक्षको निर्देशनमा जुनसुकै समयमा विशेष बैठक बोलाउन सकिनेछ।

(४) बैठकको सूचना कम्तीमा २४ घण्टा अगावै उपलब्ध गराइनेछ।

**३.५ गणपूरक संख्या (Quorum)**

सल्लाहकार समितिको बैठक सञ्चालनका लागि कुल सदस्य संख्याको कम्तीमा ५० प्रतिशत सदस्यहरूको उपस्थिति आवश्यक हुनेछ।

**३.६ निर्णय प्रक्रिया**

(१) बैठकका निर्णयहरू सर्वसम्मति वा बहुमतका आधारमा हुनेछ।

(२) मत बराबर भएमा अध्यक्षले निर्णायक मत प्रयोग गर्नेछ।

**३.७ सचिवालय व्यवस्था**

(१) सल्लाहकार समितिको सचिवालय शिक्षा शाखामा रहनेछ।

(२) सचिवालयले बैठक व्यवस्थापन, अभिलेख संरक्षण तथा निर्णय कार्यान्वयन समन्वय गर्नेछ।

**४. नगर खेलकुद विकास समिति गठन**

(१) नगर प्रमुखको संरक्षकत्वमा रास्कोट नगरपालिकामा ११ सदस्यीय नगर खेलकुद विकास समिति गठन गरिनेछ। उक्त समितिको संरचना देहाय बमोजिम हुनेछ-

(क) खेलकुद क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त पूर्व खेलाडी वा प्रशिक्षक मध्येबाट नगर प्रमुखले तोकेको १ जना – अध्यक्ष

(ख) समावेशी सिद्धान्त (महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा प्रत्येक वडाको युवा प्रतिनिधित्व समेत सुनिश्चित हुने गरी) नगर प्रमुखबाट मनोनीत ९ जना – सदस्य

(ग) शिक्षा, युवा तथा खेलकुद शाखाको अधिकृत स्तरको १ जना कर्मचारी – सदस्य–सचिव

(२) सदस्य चयन गर्दा भौगोलिक सन्तुलन, सामाजिक समावेशीता, खेलकुद संघ/क्लबहरूको प्रतिनिधित्व तथा स्थानीय खेल प्रतिभाको पहिचान सुनिश्चित हुने गरी मनोनयन गर्नुपर्नेछ।

(३) आवश्यक परेमा खेलकुद क्षेत्रका विज्ञ, प्रशिक्षक, पूर्व खेलाडी वा सम्बन्धित विषयका विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ। आमन्त्रित सदस्यहरूले मतदान अधिकार प्राप्त गर्ने छैनन्।

(४) नगरभित्र खेलकुद गतिविधिलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यकतानुसार वडा स्तरमा वडा खेलकुद विकास समिति गठन गर्न सकिनेछ। उक्त वडा समितिहरू नगर खेलकुद विकास समितिको मातहत रहनेछन्।

(५) नगर खेलकुद विकास समितिका पदाधिकारी तथा सदस्यहरूको पदावधि ३ वर्षको हुनेछ। सो अवधि समाप्त भएपछि पुनः मनोनयन गर्न सकिनेछ।

(६) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। बैठक सञ्चालन तथा निर्णय प्रक्रिया यसै कार्यविधि बमोजिम हुनेछ।

**५. समितिको काम, कर्तव्य र अधिकार**

नगर खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(१) नगर क्षेत्रको समग्र खेलकुद विकासका लागि वार्षिक खेलकुद योजना तथा कार्यक्रम तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत गराउने।

(२) नगरभित्र खेलकुद पूर्वाधार विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना निर्माण गरी कार्यान्वयनका लागि सिफारिस गर्ने।

(३) नगरपालिका स्तरीय, वडा स्तरीय तथा अन्तर–वडास्तरीय खेलकुद प्रतियोगिता आयोजना, सञ्चालन तथा व्यवस्थापन गर्ने।

(४) विद्यालय, समुदाय तथा युवा क्लबमार्फत खेलकुद प्रशिक्षण कार्यक्रम सञ्चालन तथा समन्वय गर्ने।

(५) विभिन्न खेल विधाका प्रतिभाशाली खेलाडीहरूको पहिचान, छनोट तथा सम्बन्धित निकायमा सिफारिस गर्ने।

(६) नगरभित्र क्रियाशील खेल संघ, क्लव तथा अन्य खेलकुद संस्थाहरूसँग समन्वय, सहकार्य तथा सहजीकरण गर्ने।

(७) खेलकुद कार्यक्रम सञ्चालनका लागि आवश्यक आर्थिक सहयोग, अनुदान तथा स्रोत परिचालनको सिफारिस गर्ने।

(८) खेलकुद सामग्री, पोशाक तथा प्रचार–प्रसार सामग्रीको विकास, खरिद तथा वितरण सम्बन्धमा सिफारिस गर्ने।

(९) खेल मैदान, रंगशाला तथा अन्य खेल पूर्वाधारको निर्माण, संरक्षण, मर्मत सम्भार तथा उपयोग व्यवस्थापन गर्ने।

(१०) खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।

(११) उत्कृष्ट खेलाडी, प्रशिक्षक तथा खेलकुद संस्थालाई सम्मान तथा पुरस्कारका लागि सिफारिस गर्ने।

(१२) खेलाडीहरूको स्वास्थ्य, पोषण तथा शारीरिक फिटनेस प्रवर्द्धनका कार्यक्रम सञ्चालन तथा सहजीकरण गर्ने।

(१३) अपाङ्गता भएका व्यक्तिहरूको खेलकुद (Para Sports) विकास तथा सहभागिता विस्तार गर्ने।

(१४) खेलकुद क्षेत्रमार्फत रोजगारी, आयआर्जन तथा उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रमहरू सिफारिस गर्ने।

(१५) नगरभित्र क्रियाशील खेल क्लबहरूको दर्ता, समन्वय, अनुगमन तथा आवश्यक नियमन गर्ने।

(१६) स्थानीय तह र जिल्ला स्तरिय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको सञ्चालनमा सहजीकरण गर्ने।

## ६. अध्यक्षको काम, कर्तव्य र अधिकार

नगर खेलकुद विकास समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(१) समितिको बैठकको अध्यक्षता गर्ने, बैठकको कार्यसूची स्वीकृत गर्ने तथा बैठक सञ्चालन गर्ने।

(२) समितिबाट तयार गरिएको वार्षिक खेलकुद योजना, कार्यक्रम तथा बजेट प्रस्तावलाई नगर कार्यपालिकाबाट स्वीकृत गराउन आवश्यक समन्वय गर्ने।

(३) नगर स्तरीय खेलकुद प्रतियोगिता तथा अन्य खेलकुद गतिविधिहरूको सञ्चालन, व्यवस्थापन तथा अनुगमन गर्ने।

(४) नगर, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद कार्यक्रम, बैठक, गोष्ठी तथा प्रतियोगितामा नगरपालिकाको प्रतिनिधित्व गर्ने।

(५) समिति अन्तर्गतका निर्णयहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने तथा आवश्यक निर्देशन दिने।

(६) खेलकुद विकाससँग सम्बन्धित नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

(७) समिति तथा सम्बन्धित निकायबीच समन्वय, सहकार्य र सहजीकरण गर्ने।

(८) आवश्यक परेको अवस्थामा आपतकालीन निर्णय लिन सक्ने र सो निर्णयलाई आगामी बैठकबाट अनुमोदन गराउने।

(९) प्रचलित कानून तथा यस कार्यविधि बमोजिम तोकिएका अन्य आवश्यक कार्यहरू गर्ने।

## ७. सदस्य–सचिवको काम, कर्तव्य र अधिकार

नगर खेलकुद विकास समितिको सदस्य–सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) समितिको बैठक बोलाउने सम्बन्धी सूचना, पत्राचार तथा कार्यसूची तयार गरी सम्बन्धित सदस्यहरूलाई समयमै जानकारी गराउने।

(ख) समितिको सम्पूर्ण निर्णय, कागजात, पत्राचार तथा अन्य अभिलेखहरू सुरक्षित, व्यवस्थित र अद्यावधिक रूपमा राख्ने।



महेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज शाही
नगर प्रमुख

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सि.पी. कालिकोट
कर्णाली प्रदेश, नेपाल

(ग) समितिको निर्णय पुस्तिका (Minute Book) सञ्चालन गर्ने, बैठकका निर्णयहरू स्पष्ट रूपमा लेखी प्रमाणित गराउने तथा कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउने।

(घ) समितिको बैठकको तयारी, व्यवस्थापन तथा सञ्चालनमा आवश्यक समन्वय गर्ने, बैठकको आवश्यक सामग्री तथा दस्तावेज उपलब्ध गराउने।

(ङ) अध्यक्षको निर्देशनमा समितिको दैनिक प्रशासनिक तथा समन्वयात्मक कार्यहरू सम्पादन गर्ने।

(च) समितिको वार्षिक प्रतिवेदन, कार्यक्रम प्रगति विवरण तथा अन्य आवश्यक प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने व्यवस्था मिलाउने।

(छ) खेलकुद कार्यक्रम सञ्चालन तथा निर्णय कार्यान्वयनमा प्रशासनिक सहजीकरण गर्ने।

**८. पदावधि**

(१) नगर खेलकुद विकास समितिका अध्यक्ष, सदस्य तथा सदस्य–सचिवको पदावधि ३ वर्षको हुनेछ।

(२) पदावधि समाप्त भएपछि पुनः मनोनयन वा पुनर्गठन गर्न सकिनेछ।

(३) पदावधि अवधिभित्र कुनै सदस्यले राजीनामा दिएमा वा पद रिक्त भएमा बाँकी अवधिका लागि नयाँ मनोनयन गर्न सकिनेछ।

**९. योग्यता**

नगर खेलकुद विकास समितिको अध्यक्ष तथा सदस्य हुन देहाय बमोजिमको योग्यता आवश्यक हुनेछ-

(१) नेपाल नागरिक हुनुपर्ने।

(२) खेलकुद क्षेत्रमा अनुभव, योगदान वा रुचि भएको व्यक्ति हुनुपर्ने।

(३) सामाजिक रूपमा प्रतिष्ठित, नैतिक चरित्र राम्रो भएको र कुनै फौजदारी अभियोगमा दोषी नठहरिएको व्यक्ति हुनुपर्ने।

(४) सम्बन्धित क्षेत्र (खेलकुद, शिक्षा, युवा विकास वा प्रशासन) मा योगदान गरेको व्यक्ति प्राथमिकतामा पर्नेछ।

(५) समावेशी सिद्धान्त अनुसार महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा युवा प्रतिनिधित्व सुनिश्चित हुने गरी छनोट गरिनेछ।

**१०. अयोग्यता**

देहायका व्यक्ति नगर खेलकुद विकास समितिको अध्यक्ष वा सदस्य हुन अयोग्य हुनेछ-

(१) फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भई सजाय पाएको व्यक्ति।

(२) नैतिक पतन (moral turpitude) सम्बन्धी कसुरमा दोषी ठहर भएको व्यक्ति।

(३) मानसिक रूपमा अस्वस्थ भई कानुनी रूपमा अयोग्य घोषित व्यक्ति।

(४) लगातार बिना जानकारी वा बिना कारण तीन पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित रहने सदस्य।

(५) पदको दुरुपयोग गरी भ्रष्टाचार वा आर्थिक अनियमिततामा संलग्न भएको प्रमाणित व्यक्ति।

**११. बैठक सञ्चालन**

नगर खेलकुद विकास समितिको बैठक सञ्चालन देहाय बमोजिम हुनेछ-

(१) समितिको बैठक सञ्चालनका लागि कुल सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत गणपूरक संख्या (Quorum) आवश्यक हुनेछ। गणपूरक संख्या नपुगी बैठक सञ्चालन गर्न पाइने छैन।

महेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज शाही
नगर प्रमुख

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सि.पी, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

(२) समितिको बैठक सामान्यतया कम्तीमा २ महिनामा १ पटक बस्नेछ। आवश्यकतानुसार अध्यक्षको निर्देशनमा जुनसुकै समयमा विशेष बैठक बस्न सकिनेछ।

(३) बैठकमा प्रस्तुत विषयमा छलफल भई निर्णय गर्दा उपस्थित सदस्यहरूको बहुमतको निर्णय मान्य हुनेछ।

(४) कुनै निर्णयमा मत बराबर भएमा समितिका अध्यक्षले प्रयोग गर्ने निर्णायक मत अन्तिम मान्य हुनेछ।

(५) बैठकको निर्णयहरू सदस्य–सचिवले निर्णय पुस्तिकामा अभिलेख गरी प्रमाणित गर्नेछ।

## परिच्छेद–३

### १२. खेलकुद प्रतियोगिता सञ्चालन

नगर खेलकुद विकास समिति अन्तर्गत हुने खेलकुद प्रतियोगिता सञ्चालन देहाय बमोजिम हुनेछ-

(१) नगरभित्र आयोजना गरिने सबै प्रकारका खेलकुद प्रतियोगिता सञ्चालन गर्नुअघि नगर कार्यपालिकाको पूर्व स्वीकृति अनिवार्य हुनेछ। स्वीकृति बिना कुनै पनि प्रतियोगिता सञ्चालन गर्न पाइने छैन।

(२) प्रतियोगिता सञ्चालन गर्दा नगर खेलकुद विकास समितिबाट स्वीकृत वार्षिक खेलकुद योजना तथा कार्यक्रम तालिका अनुसार मात्र सञ्चालन गर्नुपर्नेछ। योजना बाहिरका प्रतियोगिता सञ्चालन गर्न आवश्यक परेमा छुट्टै स्वीकृति लिनुपर्नेछ।

(३) खेलकुद प्रतियोगिता सञ्चालन गर्दा नगर क्षेत्रभित्रका दर्ता भएका खेलकुद क्लब, संघ, विद्यालय तथा टिममार्फत सहकार्य र समन्वय गरी सञ्चालन गर्न सकिनेछ।

(४) प्रतियोगिता सञ्चालन गर्दा पारदर्शिता, समावेशीता, निष्पक्षता र खेल भावना कायम गर्नुपर्नेछ।

(५) प्रतियोगिता सञ्चालनका लागि आवश्यक नियमावली, खेल नियम तथा आचारसंहिता समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद–४

### १३. खेलकुद संघ/क्लव दर्ता तथा व्यवस्थापन

नगर क्षेत्रमा सञ्चालन हुने खेलकुद संघ, क्लव तथा खेल सम्बन्धी संस्थाहरूको दर्ता, नवीकरण तथा व्यवस्थापन देहाय बमोजिम हुनेछ-

(१) नगरभित्र सञ्चालन हुने सबै खेलकुद संघ, क्लव तथा खेलकुदसँग सम्बन्धित संस्थाहरूले नगर खेलकुद विकास समितिमा अनिवार्य रूपमा दर्ता हुनुपर्नेछ। दर्ता नभएका संघ/क्लवलाई आधिकारिक मान्यता दिइने छैन।

(२) दर्ता प्रक्रिया सुरु गर्नका लागि आवेदन फाराम शुल्क रु. १०० (एक सय मात्र) लाग्नेछ। उक्त शुल्क फाराम प्राप्त गर्ने क्रममा बुझाउनुपर्नेछ।

(३) दर्ता स्वीकृत भएपछि सम्बन्धित संघ/क्लवले दर्ता शुल्क रु. ५०० (पाँच सय मात्र) बुझाउनुपर्नेछ।

(४) दर्ता भएका संघ/क्लवहरूले प्रत्येक आर्थिक वर्षमा अनिवार्य रूपमा वार्षिक नवीकरण गर्नुपर्नेछ। नवीकरण नगरेका संघ/क्लवलाई निष्क्रिय मानिनेछ।

(५) नगर कार्यपालिका वा नगर खेलकुद विकास समितिको पूर्व स्वीकृति बिना कुनै पनि संघ/क्लवले नगर क्षेत्रमा खेलकुद प्रतियोगिता, कार्यक्रम वा गतिविधि सञ्चालन गर्न पाइने छैन।

(६) दर्ता तथा नवीकरण प्रक्रिया पारदर्शी, व्यवस्थित र अभिलेखिकरण गरी सदस्य–सचिवले नियमित अद्यावधिक गर्नेछ।

## परिच्छेद–५

### १४. गोष्ठी, सभा तथा कार्यक्रम व्यवस्थापन

नगर खेलकुद विकास समितिले खेलकुद क्षेत्रको विकास, प्रवर्द्धन तथा समन्वयका लागि सञ्चालन गर्ने गोष्ठी, सभा तथा अन्य कार्यक्रमहरूको व्यवस्थापन देहाय बमोजिम हुनेछ।

महेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज शाही
नगर प्रमुख

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सि.पी., कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

(१) खेलकुद क्षेत्रको नीति, योजना, क्षमता विकास तथा समन्वयका लागि आवश्यकतानुसार गोष्ठी, सेमिनार, कार्यशाला तथा सम्मेलनहरू सञ्चालन गर्न सकिनेछ। यस्ता कार्यक्रमहरू वार्षिक खेलकुद योजना अनुरूप वा आवश्यकतानुसार विशेष निर्णयका आधारमा सञ्चालन गरिनेछ।

(२) नगर क्षेत्रभित्र वा बाहिरबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई नगरपालिकाको तर्फबाट सम्मान, पुरस्कार तथा कदरपत्र प्रदान गर्ने कार्यक्रम आयोजना गर्न सकिनेछ।

(३) नगरको गौरव वृद्धि गर्ने खेलाडीहरूको उपलब्धिलाई उच्च सम्मान गर्न तथा उनीहरूको योगदानको कदर गर्न स्वागत तथा अभिनन्दन कार्यक्रम सञ्चालन गरिनेछ।

(४) खेलकुद र संस्कृतिको समन्वयात्मक विकासका लागि सांस्कृतिक तथा खेलकुद संयुक्त कार्यक्रम सञ्चालन गर्न सकिनेछ, जसले स्थानीय संस्कृति, कला र खेलकुदको प्रवर्द्धनमा योगदान पुऱ्याउनेछ।

(५) यस्ता सबै कार्यक्रमहरू सञ्चालन गर्दा पारदर्शिता, समावेशीता, आर्थिक मितव्ययिता तथा नगरपालिकाको स्वीकृत मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

(६) कार्यक्रम सञ्चालन गर्दा आवश्यक समन्वय, व्यवस्थापन तथा अभिलेखिकरण सदस्य–सचिवले गर्नेछ।

## परिच्छेद–६

### १५. प्रतियोगिता सुविधा व्यवस्था

नगर खेलकुद विकास समिति अन्तर्गत सञ्चालन हुने खेलकुद प्रतियोगिता तथा खेलाडी सहभागिताका लागि देहाय बमोजिम सुविधा व्यवस्था गरिनेछ-

(१) नगरभित्र वा नगर बाहिर हुने प्रतियोगितामा सहभागी खेलाडी तथा टिमलाई आवश्यकतानुसार यातायात, खाना तथा बसोबास सुविधा उपलब्ध गराउन सकिनेछ।

(२) प्रतियोगितामा सहभागी खेलाडी, प्रशिक्षक, कोच,रेफी तथा एम्पाएरहरूलाई आवश्यक खेल अनुसार खेल पोशाक (जर्सी, ट्र्याकसुट.जुत्ता आदि) सहायताको व्यवस्था गर्न सकिनेछ।

(३) उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी तथा टिमलाई नगरपालिकाको निर्णय अनुसार प्रोत्साहन भत्ता तथा पुरस्कार रकम प्रदान गर्न सकिनेछ।

(४) यस परिच्छेद बमोजिम हुने सम्पूर्ण खर्चहरू नगर कार्यपालिकाको स्वीकृति तथा प्रचलित आर्थिक ऐन, नियम तथा मापदण्ड अनुसार मात्र सञ्चालन गरिनेछ।

(५) बिभिन्न प्रतियोगितामा सहभागी हुने प्रशिक्षक, कोच,रेफी तथा एम्पाएरहरूलाई दैनिक भत्ता तथा यातायात र खानाबास खर्च समितिको निर्णयानुसार गरिनेछ।

## परिच्छेद–७

### १६. प्रशिक्षण तथा प्रशिक्षक व्यवस्थापन

नगर खेलकुद विकास समितिले खेलाडी विकासका लागि प्रशिक्षण तथा प्रशिक्षक व्यवस्थापन देहाय बमोजिम गर्नेछ-

(१) नगरभित्रका खेलाडीहरूको क्षमता विकासका लागि नियमित रूपमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रशिक्षण कार्यक्रममा सहभागी हुन इच्छुक खेलाडीहरूले अनिवार्य रूपमा आवेदन फाराम भरी दर्ता गर्नुपर्नेछ।

(३) प्रशिक्षण कार्यक्रमको अवधि सामान्यतया अधिकतम १ वर्षसम्म रहनेछ, आवश्यकताका आधारमा नगर खेलकुद विकास समितिको निर्णयअनुसार थप गर्न सकिनेछ।

(४) प्रशिक्षण कार्यक्रम दैनिक रूपमा कम्तीमा २ घण्टा सञ्चालन गरिनेछ, खेल विधा र आवश्यकताअनुसार समय तालिका निर्धारण गरिनेछ।

महेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज शाही
नगर प्रमुख



रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सि.पी. कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

(५) आवश्यकतानुसार योग्य, अनुभवी तथा प्रमाणित प्रशिक्षक नियुक्ति गर्न सकिनेछ। प्रशिक्षकको सेवा सुविधा नगर कार्यपालिकाको निर्णय अनुसार तोकिनेछ।

## परिच्छेद–८

### १७. खेलकुद विकास कोष

नगर खेलकुद विकास समितिको आर्थिक सुदृढीकरणका लागि एक खेलकुद विकास कोष स्थापना गरिनेछ, जसको सञ्चालन देहाय बमोजिम हुनेछ-

(१) खेलकुद विकास कोषमा सरकारी तथा गैरसरकारी संघसंस्था, दातृ निकाय तथा अन्य स्रोतबाट प्राप्त हुने अनुदान तथा सहयोग रकम जम्मा गरिनेछ।

(२) नगर खेलकुद विकास समितिमा दर्ता तथा नवीकरण गर्दा प्राप्त हुने शुल्कहरू कोषमा जम्मा गरिनेछ।

(३) प्रशिक्षण तथा अन्य सेवा प्रदान गरे बापत लिइने प्रशिक्षण शुल्कहरू कोषमा जम्मा गरिनेछ।

(४) नगरपालिकाबाट खेलकुद विकासका लागि विनियोजित वार्षिक बजेट तथा अनुदान रकम कोषमा समावेश गरिनेछ।

(५) खेलकुद विकास कोषको बैंक खाता नगर खेलकुद विकास समितिको नाममा रहनेछ र उक्त खाता अध्यक्ष र सदस्य–सचिवको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ।

(६) कोषको सम्पूर्ण आय–व्यय पारदर्शी रूपमा राखिनेछ र नियमित लेखा परीक्षण गरिनेछ।

## परिच्छेद–९

### १८. पूर्वाधार निर्माण तथा मर्मत

नगर खेलकुद विकास समिति अन्तर्गत खेलकुद पूर्वाधार निर्माण तथा मर्मतसम्भार कार्य देहाय बमोजिम सञ्चालन गरिनेछ-

(१) खेल मैदान, उपकरण तथा सामान्य खेल संरचनाको सामान्य मर्मत सम्भार स्थानीय स्तरबाट (वडा/समिति समन्वयमा) गर्न सकिनेछ।

(२) खेलकुद पूर्वाधारमा आवश्यक पर्ने ठूला मर्मत, पुनर्निर्माण तथा स्तरोन्नति कार्य नगरपालिकाको स्वीकृति र बजेटमार्फत सञ्चालन गरिनेछ।

(३) नगर क्षेत्रभित्र निर्माण हुने खेल मैदान, स्टेडियम तथा अन्य खेल पूर्वाधारहरू नगरपालिकाको वार्षिक योजना तथा दीर्घकालीन खेलकुद विकास योजना अनुसार मात्र निर्माण गरिनेछ।

(४) पूर्वाधार निर्माण गर्दा प्राविधिक मापदण्ड, गुणस्तर मापदण्ड तथा सुरक्षित उपयोग सुनिश्चित गर्नुपर्नेछ।

## परिच्छेद–१०

### १९. विषयगत खेल प्रशिक्षण समिति

नगर खेलकुद विकास समितिको मातहत विभिन्न खेल विधाका लागि विषयगत (Subject-wise) प्रशिक्षण समिति गठन गर्न सकिनेछ। उक्त समितिको व्यवस्था देहाय बमोजिम हुनेछ-

(१) प्रत्येक खेल विधाका लागि आवश्यकतानुसार ३ देखि ५ सदस्यीय विषयगत प्रशिक्षण समिति गठन गर्न सकिनेछ।

(२) उक्त समितिले सम्बन्धित खेल विधाको प्रशिक्षण योजना निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

(३) प्रशिक्षण अवधिमा खेलाडीहरूको अनुशासन, समयपालन तथा आचारसंहिता पालन सुनिश्चित गर्ने जिम्मेवारी समितिको हुनेछ।

(४) नगर खेलकुद विकास समितिबाट स्वीकृत कार्यक्रम तथा प्रतियोगिता सञ्चालनमा आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सहयोग प्रदान गर्ने।

महेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज शाही
नगर प्रमुख

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सि.पी., कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

(५) विषयगत प्रशिक्षण समितिको सदस्य छनोट सम्बन्धित खेल क्षेत्रका योग्य प्रशिक्षक, अनुभवी खेलाडी तथा प्राविधिक व्यक्तिहरूबाट गरिनेछ।

## परिच्छेद–११

### २०. आचारसंहिता

नगर खेलकुद विकास समिति, खेलाडी, प्रशिक्षक तथा खेल संघ/क्लबहरूले देहाय बमोजिम आचारसंहिता पालन गर्नुपर्नेछ-

(१) खेल मैदान, प्रशिक्षण स्थल तथा प्रतियोगिता स्थलमा मादक पदार्थ सेवन पूर्ण रूपमा निषेध गरिएको हुनेछ।

(२) नगर खेलकुद विकास समितिमा दर्ता भएका खेलाडी तथा संस्थाहरू मात्र आधिकारिक खेलकुद गतिविधिमा सहभागी हुन पाउनेछन्।

(३) सबै खेलाडी, प्रशिक्षक तथा सम्बन्धित व्यक्तिहरूले अनुशासन, मर्यादा र खेल भावना अनिवार्य रूपमा पालन गर्नुपर्नेछ।

(४) खेल मैदान, प्रशिक्षण स्थल तथा सार्वजनिक कार्यक्रममा कुनै पनि प्रकारको अशोभनीय, अपमानजनक वा अनुशासनहीन व्यवहार निषेध गरिएको हुनेछ।

### २१. कारबाही तथा पुरस्कार

(१) आचारसंहिता उल्लङ्घन गर्ने खेलाडी, प्रशिक्षक वा संस्थालाई चेतावनी, निलम्बन वा आवश्यक कारबाही गर्न सकिनेछ।

(२) उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी, प्रशिक्षक तथा टिमलाई नगरपालिकाको निर्णय अनुसार सम्मान, पुरस्कार तथा प्रोत्साहन प्रदान गरिनेछ।

(३) आचारसंहिता वा कार्यविधि उल्लङ्घन गर्ने व्यक्तिलाई आवश्यकतानुसार जरिवाना र सम्बन्धित क्षेत्रमा अयोग्य हुने गरी वा अन्य प्रशासनिक कारबाही गर्न सकिनेछ।

(४) खेलकुद संघ, क्लब वा संस्थामा देखिएको अनियमितता, आर्थिक दुरुपयोग वा गैरकानुनी गतिविधिको प्रमाणित अवस्थामा सम्बन्धित संस्था निलम्बन, खारेजी वा कानुनी कारबाहीका लागि सिफारिस गर्न सकिनेछ।

## परिच्छेद–१२

### २२. संस्था विघटन

(१) नगर खेलकुद विकास समितिमा दर्ता भएका खेल संघ, क्लब वा संस्थाले लगातार ५ वर्षसम्म नवीकरण नगरे स्वतः विघटन भएको मानिनेछ।

(२) कुनै खेल संघ, क्लब वा संस्थाले लगातार २ वर्षसम्म कुनै पनि खेलकुद गतिविधि सञ्चालन नगरेमा नगर खेलकुद विकास समितिको निर्णयअनुसार विघटन गर्न सकिनेछ।

(३) विघटन भएको संस्था वा क्लबको नाममा रहेको सम्पत्ति, सामग्री तथा अन्य चल–अचल सम्पत्तिको व्यवस्थापन नगरपालिकाको निर्णय अनुसार हुनेछ र सो सम्पत्ति नगरपालिकाको मातहत रहनेछ।

## परिच्छेद–१३

### २३. सचिवालय व्यवस्था

(१) नगर खेलकुद विकास समितिको सचिवालय नगरपालिकाले तोकेको स्थानमा रहनेछ।

(२) सचिवालयले समितिको सम्पूर्ण प्रशासनिक, अभिलेखीकरण, पत्राचार तथा समन्वय सम्बन्धी कार्यहरू सञ्चालन गर्नेछ।

(३) सचिवालय सञ्चालनका लागि आवश्यक कर्मचारी तथा स्रोत साधन नगरपालिकाले उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद–१४

### २४. वार्षिक प्रतिवेदन

महेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज शाही
नगर प्रमुख

(१) नगर खेलकुद विकास समितिले प्रत्येक आर्थिक वर्षको समाप्तिपछि आफ्नो सम्पूर्ण कार्यक्रम, उपलब्धि, खर्च विवरण तथा प्रगति सहितको वार्षिक प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(२) वार्षिक प्रतिवेदन सार्वजनिक पारदर्शिताका लागि आवश्यकतानुसार सार्वजनिक समेत गर्न सकिनेछ।

## परिच्छेद–१५

### २५. व्याख्या अधिकार

(१) यस कार्यविधिको कुनै पनि प्रावधानको व्याख्या गर्ने अन्तिम अधिकार नगर कार्यपालिकामा रहनेछ।

(२) कार्यान्वयनमा देखिने अस्पष्टता, द्विविधा वा विवादको समाधान नगर कार्यपालिकाको निर्णयअनुसार हुनेछ।

## परिच्छेद–१६

### २६. बाझिएको अवस्थामा लागू हुने व्यवस्था

(१) यस कार्यविधिका कुनै पनि प्रावधान संघीय कानुन, प्रदेश कानुन वा प्रचलित अन्य कानुनसँग बाझिएमा संघीय तथा प्रचलित कानुन नै मान्य हुनेछ।

(२) यसअघि यस विषयमा भएका सम्पूर्ण निर्णय, प्रचलन वा व्यवस्था यस कार्यविधिसँग बाझिएको हदसम्म यसै कार्यविधि बमोजिम अमान्य वा संशोधित भएको मानिनेछ।

## परिच्छेद–१७

### २७. बाधा अड्काउ फुकाउने अधिकार

(१) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा, कठिनाइ वा अस्पष्टता आएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

## परिच्छेद–१८

### २८. संशोधन तथा खारेजी

(१) यस कार्यविधि आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

(२) यस कार्यविधिसँग बाझिने यसअघिका कुनै पनि निर्णय, निर्देशन वा व्यवस्था स्वतः खारेज भएको मानिनेछ।

अन्तिम प्रमाणिकरण यो कार्यविधि रास्कोट नगरपालिकाको निर्णय अनुसार मिति २०८२ साल चैत २३ गतेदेखि लागू हुनेछ।

महेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज शाही
नगर प्रमुख

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सि.पी., कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३